प्रमुख प्रशासकीय अ...

हरिनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा,सुनसरी

## औषधि तथा सर्जिकल सामाग्री खरिद सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७८/११/२६

यस कार्यालय तथा अन्तर्गत रहेका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य केन्द्रहरुको लागि तपसिल अनुसार आवश्यक औषधि तथा औषधीजन्य सामाग्री आपूर्ति गर्न आवश्यक भएकोले इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्थावा कम्पनीहरुबाट तपसिल अनुसारका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी दरभाउपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. सूचना प्रकाशित भएको मितिबाट १५ औं दिनभित्र कार्यालय समयमा दरभाउपत्र खरिद गर्नको लागि २०७७।०७८ सम्मको नवीकरण भएको औषधि आपूर्ति वा खरिद बिक्री सम्बन्धी व्यवशाय, फर्म दर्ता प्रमाणपत्र, मू.अ.करमा दर्ता भई कम्तिमा आ.व. २०७८।०७९ को असोज सम्मको कर चुक्ता भएको प्रमाणपत्र, प्रोप्राईटर आफै उपस्थित हुन नसकेमा निजको आधिकारिक मन्जुरीपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन प्राप्त भएपछि कृषि विकास बैंक लि. शाखा कार्यालय हरिनगरा, सुनसरीमा यस कार्यालयको नाउँमा रहेको आन्तरीक राजस्व खाता नं. ०६०२४०१३१११७१०९२ मा रु. १,०००।- अक्षेरुपी एक हजार दाखिला गरेको भौचरको प्रति वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद सहितको निवेदन पेश गरी दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. शिलबन्दी गरिएको रितपूर्वकको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा दिनको १२:०० बजे भित्र यस कार्यालयमा बुझाई सक्नु पर्नेछ । सो समयपछि आएको दरभाउपत्र स्वीकार गरिने छैन ।

३. रितपूर्वक दर्ता भएको दरभाउपत्र सोही दिन दिनको ०२.०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु, कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. दरभाउपत्र खरिद गर्ने, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविकके मितिदेखि गणना गरिनेछ ।

५ शिलबन्दी दरभाउपत्र साथ धरौटी वापत हुन आउने तपसिलमा उल्लेखित रकम कृषि विकास बैंक लि. शाखा हरिनगरा, सुनसरीमा यस कार्यालयको नाउँमा रहेको आन्तरीक राजस्व खाता नं. ०६०२४०१३१११७१०९२ मा नगदै जम्मा गरेको सक्कलै दोस्रो प्रति बैंक भौचर वा मान्यताप्राप्त "क" वर्गको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको सो अंक बराबरको जमानत पेश गर्नु पर्नेछ र बैंकबाट जारी सो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्र खोलिने मितिबाट ७५ दिन भएको हुनु पर्नेछ ।

६. दरभाउपत्रदाताले आफुले कबोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक केरमेट भएमा वा फरक परेमा अक्षरमा लेखिएको मूल्यलाई आधिकारिकता प्रदान गरिनेछ । मूल्यअभिवृद्धि कर लाग्ने वस्तुमा सो समेत उल्लेख गरी केरमेट गरेको भए सो ठाँउमा दस्तखत पेश गरेको हुनु पर्नेछ ।

७. आपूर्तिगरिने औषधि तथा औषधी जन्य सामाग्रीहरु WHO बाट GMP Certified Company को औषधि मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा सप्लाई हुने औषधिहरु प्लाष्टिक बोटलमा हुनुपर्नेछ ।

८. आपूर्ति हुने औषधिहरु प्रत्येक प्याकिंगको बाहिर उत्पादन भएको मिति, Expiry date, Batch No तथा यो औषधि/सामान बिक्रीका लागि होईन भन्ने लेखिएको हुनु पर्नेछ ।

९. आपूर्तिगर्ने औषधि तथा औषधि जन्य सामानहरुको ढुवानी तथा लाग्ने सबै करहरु आपूर्तिकर्ता स्वयमले बेहोर्नु पर्नेछ ।

१० औषधि दाखिला हुन आंउदासम्म औषधिको म्याद कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ तर कुनै औषधिको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा ७५% म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ ।

११ दरभाउपत्रमा उल्लेखित वस्तु पूरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

१२ दरभाउपत्र स्वीकृत भएपछि थप ३% ले हुनआउने रकम वा बैंक जमानत पेश गर्नु पर्नेछ ।

१३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ड) अनुसार दरभाउपत्रदाताले खरिद कार्यबाहीमा भाग लिंदा अयोग्य नभएको प्रस्तावित खरिद कार्यबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१४ कार्य आदेश पाउने संस्थाले Oxytocin आपूर्ती गर्दा निर्माण कर्ता कम्पनीदेखि हरिनगर गाउँपालिकासम्म सो औषधी २-८ से.ग्रे. तापक्रममा व्यवस्थित भण्डारण नभएको पाईएमा सो औषधी फिर्ता गरिनेछ ।

१५. यो सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनि खरिद ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. यो सूचना बमोजिम आपूर्ति हुने वस्तुहरु खरिद गर्ने वा नगर्ने अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहेको मानिनेछ ।

| सं. नं | विवरण | लागत मूल्य मू.अ.कर सहित | धरौटी |
|---|---|---|---|
| १ | औषधि तथा औषधी जन्य सामाग्री आपूर्ति | १४,००,०००।- (चौध लाख) | ४२,०००।- |